www.ctevtsolution.com

लोक सेवा आयोग

नेपाल कृषि सेवा अन्तर्गतका प्लान्ट प्रोटेक्सन/एग्रोनोमी समूह,
राजपत्र अनङ्कित प्रथम श्रेणी (प्राविधिक) पदको प्रतियोगितात्मक लिखित परीक्षा

मितिः २०८३/३/५

समयः २ घण्टा १५ मिनेट | पूर्णाङ्कः १००

पत्रः द्वितीय

विषयः सेवा सम्बन्धित कार्य-ज्ञान

निम्न प्रश्नहरूको उत्तर Section अनुसार छुट्टाछुट्टै उत्तरपुस्तिकामा लेख्नुपर्नेछ ।

## Section – A (50 Marks)

1. कृषि क्षेत्रको विकासको लागि नेपालमा सञ्चालित विभिन्न कृषि प्रसारका तरिकाहरूको छोटकरीमा वर्णन गर्नुहोस् । 5
2. कृषक पाठशालाको परिभाषा दिँदै यसको सञ्चालन विधि लेख्नुहोस् । 5
3. नेपालमा गुलाब फूल खेतीको अवस्था र सम्भाव्यता उल्लेख गर्नुहोस् । 5
4. नेपालमा प्रचलित बेमौसमी तरकारी खेतीका प्रविधिहरूबारे छोटकरीमा लेख्नुहोस् । 5
5. असल कृषि अभ्यास किन महत्वपूर्ण छ? यसका मुख्य चारवटा विशेषताहरू बुँदागतरूपमा लेख्नुहोस् । 1+4=5
6. बाली बीमामा कृषकहरूको आकर्षण बढ्न नसक्नुका कारणहरू उल्लेख गर्नुहोस् । 5
7. वर्तमान सङ्घीय संरचनामा कृषि विकासमा स्थानीय तहको भूमिका उल्लेख गरी कृषि विकास कार्यक्रम प्रभावकारी बनाउने उपायहरू उल्लेख गर्नुहोस् । 5+5=10
8. नेपालमा कागती बालीको वार्षिक उत्पादन र खपत हुने परिमाण असन्तुलन हुँदा वर्षेनी विदेशबाट ठूलो मात्रामा आयात भईरहेको अवस्थालाई न्यूनीकरण गर्न खेती प्रणालीमा गर्नुपर्ने सुधार र व्यवस्थापकीय पक्ष बारे चर्चा गर्नुहोस् । 5+5=10

## Section – B (50 Marks)

9. कृषि चुन प्रयोग गर्ने उपयुक्त समय कहिले हो? कृषि चुन प्रयोगका फाइदाबारे चर्चा गर्नुहोस् । 2+3=5
10. माटोको नमूना संकलन गर्ने विधिका बारेमा लेख्नुहोस् । 5
11. कृषिबाट उत्पादित वस्तुको मूल्य निर्धारण नेपालमा कसरी गरिन्छ? कृषकहरूले आफ्नो कृषि उपजको उचित मूल्य पाउन नसक्नुका कारणहरू उल्लेख गर्नुहोस् । 2+3=5
12. एकीकृत शत्रुजीव व्यवस्थापन (IPM) को परिभाषा दिँदै यसका सिद्धान्तहरूका बारेमा छोटकरीमा लेख्नुहोस् । 2+3=5
13. रोग किरा नियन्त्रणमा मित्रजीव किराको महत्व उल्लेख गर्दै ५ वटा मित्रजीव र तिनीहरूको आश्रित रोग/किरा उल्लेख गर्नुहोस् । 2.5+2.5=5
14. असल बीउका गुणहरू के-के हुन्? बीउको गुणस्तर कायम राख्न उत्पादन गर्दा अपनाउनु पर्ने मुख्य-मुख्य तीन विधिहरूको बारेमा लेख्नुहोस् । 2+3=5
15. नेपालको तराई क्षेत्रमा मुख्य सिजनमा लगाइने आलु खेतीको प्रविधिबारे चर्चा गर्नुहोस् । आलु खेतीमा लाग्ने मुख्य रोग र किराहरू उल्लेख गर्दै Late Blight रोग रोकथाम र नियन्त्रणका तरिकाहरू उदाहरणसहित प्रस्तुत गर्नुहोस् । 3+3+4=10
16. बालीचक्र भनेको के हो? यसको महत्वबारे उदाहरणसहित प्रकाश पार्नुहोस् । 3+7=10

«समाप्त»

www.ctevtsolution.com

Ctevtsolution.com
www.ctevtsolution.com

# लोक सेवा आयोग

## नेपाल कृषि सेवा अन्तर्गत प्लान्ट प्रोटेक्सन/एग्रोनोमी समूह, राजपत्र अनङ्कित प्रथम श्रेणी (प्राविधिक) पदको प्रतियोगितात्मक लिखित परीक्षा

मिति: २०८३/३/५

**Key ( D )**

समय: ४५ मिनेट | पत्र: प्रथम | पूर्णाङ्क: १००

Ctevtsolution.com

विषय: सामान्य ज्ञान र सार्वजनिक व्यवस्थापन, सेवा सम्बन्धित कार्य-ज्ञान

बस्तुगत बहुबैकल्पिक (५० प्रश्न × २ = १०० अंक):

> उत्तरपुस्तिकामा प्रश्नपत्रको Key अनिवार्य रूपले उल्लेख गर्नुपर्नेछ । Key उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ । साथै, परीक्षामा Calculator, Mobile जस्ता विद्युतीय उपकरणहरू प्रयोग गर्न पाइने छैन ।

1. नेपालमा बजेट कार्यान्वयन गर्ने मुख्य निकाय कुन तलका मध्ये हो?
(A) कार्यपालिका (B) संसद (C) न्यायपालिका (D) संवैधानिक निकाय

2. सार्वजनिक सेवा प्रवाहमा "Touch Point Analysis" कार्यक्रम लागू गर्ने देश देहायका मध्ये कुन हो?
(A) दक्षिण कोरिया (B) संयुक्त अरब इमिरेट्स (C) नर्वे (D) अष्ट्रेलिया

3. संयुक्त राष्ट्रसंघ (UNO) को कुन अङ्गले मानव अधिकारको विश्वव्यापी घोषणापत्र तयार गरेको हो?
(A) महासभा (B) आर्थिक तथा सामाजिक परिषद् (C) सुरक्षा परिषद् (D) अन्तर्राष्ट्रिय न्यायालय

4. सार्वजनिक सेवा प्रवाहमा "Customer Service Journey Mapping" कार्यक्रम गर्न सेवाको Redesign गर्ने मुलुक देहायको मध्ये कुन हो?
(A) बेलायत (B) अष्ट्रेलिया (C) मलेसिया (D) कतार

5. मानवीय मूल्य मान्यता (Human values) अन्तर्गत आर्थिक नैतिकता सक्षमता (Economic ethics of capabilities) सम्बन्धी जोड दिने व्यक्ति देहायको मध्ये कुन हुन्?
(A) प्लेटो (B) अरस्तु (C) जेम्स मिल (D) अमर्त्य सेन

6. कृषि विकास रणनीति (सन् 2015-2035) ले खाद्यजनित गरिवी कति प्रतिशतमा झार्ने लक्ष्य राखेको छ?
(A) 10 (B) 7 (C) 6 (D) 5

7. नेपाल सरकारबाट जारी भएको कृषि नीति, 2061 का मुख्य उद्देश्यहरू कतिवटा छन्?
(A) 5 (B) 3 (C) 6 (D) 4

8. तलका मध्ये कुनचाहिँ कृषि विभाग अन्तर्गतको कार्यालय होइन?
(A) राष्ट्रिय फलफूल विकास केन्द्र (B) राष्ट्रिय कृषि आधुनिकीकरण कार्यक्रम
(C) राष्ट्रिय आलु, तरकारी तथा मसला बाली विकास केन्द्र (D) केन्द्रीय कृषि प्रयोगशाला

9. असल कृषि अभ्यासको सम्पर्क विभाग तलका मध्ये कुन हो?
(A) खाद्य प्रविधि तथा गुण नियन्त्रण विभाग (B) कृषि विभाग
(C) पशु सेवा विभाग (D) गुणस्तर तथा नापतौल विभाग

10. नेपालमा कृषि (बाली) बीमा के को आधारमा गर्न सकिन्छ?
(A) लागत (B) लाभ लागत (C) बिक्री (D) लागत र उत्पादन

11. कृषि ऋण उपलब्ध गराउन तलका मध्ये कुन बैंकले बढी प्राथमिकता दिने गरेको छ?
(A) नेपाल बैंक (B) राष्ट्रिय वाणिज्य बैंक (C) प्रभु बैंक (D) कृषि विकास बैंक

12. Citrus वर्गका फलफूलमा लाग्ने Gummosis रोगको प्रमुख कारक के हो?
(A) Virus (B) Fungus (C) Bacteria (D) Nutrient deficiency

www.ctevtsolution.com

www.ctevtsolution.com



13. अलैँचीको प्रसारण विधि कुन हो?
(A) गानो (B) बीउ (C) दुबै (A) र (B) (D) कटिङ्ग

14. What is the cause of riceyness in cauliflower?
(A) Low or high temperature than optimum (B) Deficiency of boron
(C) Deficiency of Ca (D) Deficiency of Mo

15. अम्रपाली जातको आँप कुन-कुन आँपको क्रसबाट विकास गरिएको हो?
(A) दशहरी + बम्बई (B) निलम + बम्बई (C) दशहरी + निलम (D) माथिका कुनै होइनन्

16. प्रविधि ग्रहण प्रक्रियामा सबैभन्दा अग्रसर भई छिटो ग्रहण गर्ने वर्गलाई के भनिन्छ?
(A) Innovator (B) Early adoptor (C) Early majority (D) Leggards

17. कृषि प्रसारको प्रमुख उद्देश्य तलका मध्ये कुन हो?
(A) प्रविधि हस्तान्तरण गरी कृषकको जीवनस्तर सुधार्नु (B) प्रविधि विकास गर्नु
(C) बजार बिस्तार गर्नु (D) अनुसन्धान गर्नु

18. श्रव्य-दृष्य सञ्चारको साधन तलका मध्ये कुन हो?
(A) फ्ल्यास कार्ड (B) टेलिभिजन (C) चित्र (D) रेडियो

19. तलका मध्ये कृषि प्रसारको सबभन्दा प्रभावकारी तरिका ...... हो।
(A) बहुपक्षीय कृषि प्रसार (B) समूह प्रसार (C) सहकारी पद्धति (D) टुकी पद्धति

20. प्रजनन बीउको गुणात्मक सम्बर्द्धन कसले गर्दछ?
(A) कृषि विभाग (B) नेपाल कृषि अनुसन्धान परिषद् (C) सम्बन्धित फार्म केन्द्र (D) सम्बन्धित प्रजनक

21. Which of the following is not variety of wheat?
(A) WK 1204 (B) Pasanglahmu (C) Gautam (D) Janaki

22. तलका मध्ये कुन बालीको उत्पादन वृद्धिको लागि सल्फरको आवश्यकता पर्दछ?
(A) मकै (B) गहुँ (C) कोदो (D) तोरी

23. प्रमाणित प्रथम पुस्ताको बीउमा लगाउने ट्यागको रङ्ग कस्तो हुन्छ?
(A) निलो (B) पहेँलो (C) रातो (D) सेतो

24. Which of the following is not the principle of IPM?
(A) Grow healthy crop (B) Regular monitoring of field
(C) Conservation of natural enemies (D) Agri-market development

25. ट्राइकोग्रामा के हो?
(A) ढुसी (B) ब्याक्टेरिया (C) परजीवी मित्र किरा (D) हानिकारक किरा

26. बाली उपचार शिविरले तलका मध्ये कुन कुरा समेट्दैन?
(A) बिरुवाको समस्या पहिचान (B) एकीकृत व्यवस्थापन विधि (C) किसानलाई सुसूचित (D) आवश्यक विषादी बिक्री

27. तलका मध्ये कुन प्रजातिको मौरीबाट बढी मह उत्पादन हुन्छ?
(A) सेरेना (B) डोर्साटा (C) मेलिफेरा (D) फ्लोरिया

28. कुनैपनि वस्तुको माग (Demand) हुनका लागि निम्न मध्ये के-के आवश्यक पर्दछ?
(A) इच्छा (desire) (B) मूल्य तिर्ने क्षमता (ability to pay)
(C) मूल्य तिर्ने तत्परता (willingness to pay) (D) माथिका सबै

29. कृषि बजार सूचना प्रणालीले तलका मध्ये कुन कुराको जानकारी गराउँछ?
(A) कृषि उत्पादन (B) मूल्य (C) माग (D) माथिका सबै

www.ctevtsolution.com

Contd...

www.ctevtsolution.com



30. तलका मध्ये प्राथमिक तथ्याङ्कको स्रोत ...... होइन।
(A) अन्तर्वार्ता (B) स्थलगत सर्भे (C) सहभागितात्मक ग्रामीण सर्भेक्षण (D) प्रकाशित पुस्तक

31. What do you mean by farm gate price?
(A) Price at the farmers' field (B) Price in the shop near the gate of farm
(C) Price of farmers selling himself in the market (D) All of the above

32. तलका मध्ये कुन मल प्राङ्गारिक खेतीको लागि उपयुक्त हुँदैन?
(A) युरिया (B) डि.ए.पी. (C) म्युरेट अफ पोटास (D) माथिका सबै

33. माटोको क्षारियपन (Alkalinity) कम गर्न तलका मध्ये कुन प्रयोग गर्न सकिन्छ?
(A) रासायनिक मल (B) कृषि चुन (C) जिप्सम (D) पोटास

34. बिरुवाको सहायक पोषक तत्व कुन हो?
(A) नाइट्रोजन (B) फस्फोरस (C) पोटास (D) म्याग्नेसियम

35. Soil pH is a measure of ......
(A) acidity in the soils (B) alkalinity in soils
(C) acidity and alkalinity in soils (D) none of the above

36. नेपालमा 1200 मिटरदेखि 2100 मिटरसम्म कस्तो प्रकारको जङ्गल पाइन्छ?
(A) समशितोष्ण सदाबहार (B) समशितोष्ण पतझर (C) समशितोष्ण कोणधारी (D) लेकाली

37. प्रसिद्ध कृति 'पिकदुत' का लेखक को हुन?
(A) शम्भुप्रसाद ढुंगेल (B) मोतिराम भट्ट (C) लेखानाथ पौड्याल (D) सूर्यविक्रम ज्ञवाली

38. सोह्रौं आवधिक योजनामा प्रतिव्यक्ति आय कति अमेरिकी डलर पुर्‍याउने लक्ष्य राखिएको छ?
(A) 2351 (B) 2300 (C) 2156 (D) 1851

39. लाङटाङ राष्ट्रिय निकुञ्जले नछुने जिल्ला तलका मध्ये कुन हो?
(A) नुवाकोट (B) रसुवा (C) काभ्रेपलाञ्चोक (D) सिन्धुपाल्चोक

40. दुधको शुद्धता नाप्ने यन्त्रलाई के भनिन्छ?
(A) मिल्कमिटर (B) ल्याक्टोमिटर (C) ल्याक्टोजिनमिटर (D) अटोमिटर

41. पेलेग्रा रोग कुन भिटामिनको कमीले गर्दा लाग्दछ?
(A) Vitamin $B_3$ (B) Vitamin K (C) Vitamin $B_1$ (D) Vitamin A

42. नेपालको संविधानमा ...... वटा मौलिक हकको व्यवस्था गरिएको छ।
(A) 28 (B) 29 (C) 30 (D) 31

43. संयुक्त राष्ट्रसंघ (UNO) मा प्रयोग हुने आधिकारिक भाषामा देहायका मध्ये कुन पर्दैन?
(A) जापानी (B) अंग्रेजी (C) चिनीया (D) फ्रान्सेली

44. SAARC को 18औं शिखर सम्मेलन कहाँ भएको थियो?
(A) काठमाडौं (B) माले (C) कोलम्बो (D) ढाका

45. प्रतिनिधि सभा सदस्य निर्वाचन, 2082 पछि कतिवटा दलले राष्ट्रिय दलको मान्यता प्राप्त गरेका छन्?
(A) 9 (B) 8 (C) 7 (D) 6

46. कार्यालयमा प्राप्त चिठ्ठीपत्रहरूको सुरुको अभिलेख राख्ने कार्यलाई के भनिन्छ?
(A) दर्ता (B) चलानी (C) पत्र संख्या (D) पञ्जिका

www.ctevtsolution.com Contd

www.ctevtsolution.com



47. निजामती कर्मचारीले पाउने भैपरी र पर्व बिदा बाहेकका बिदाको अभिलेख प्रत्येक कार्यालयले वर्ष व्यतित भएको कति दिनभित्र निजामती किताबखाना र तलव खर्च लेख्ने कार्यालयमा पठाउनु पर्दछ?
(A) 15 (B) 25 (C) 30 (D) 60

48. निजामती कर्मचारीले पालना गर्नुपर्ने आचरण अन्तर्गत तलका मध्ये कुन कुरा पर्दैन?
(A) समयपालना र नियमितता (B) दान, उपहार र चन्दा स्वीकार
(C) राजनीतिमा भाग लिन नपाउने (D) सरकारी सम्पत्ति संरक्षण गर्ने

49. कर्मचारी प्रशासन सम्बन्धी केन्द्रीय निकायको रूपमा तलका मध्ये कुन निकायले कार्य गर्दछ?
(A) अर्थ मन्त्रालय (B) गृह मन्त्रालय (C) सङ्घीय मामिला तथा सामान्य प्रशासन मन्त्रालय (D) लोक सेवा आयोग

50. नेपालको संविधान अनुसार महान्यायाधिवक्ताको नियुक्ति कसरी हुन्छ?
(A) नेपाल सरकारको सिफारिसमा राष्ट्रपतिबाट (B) प्रधानन्यायाधिशको सिफारिसमा प्रधानमन्त्रीबाट
(C) संवैधानिक परिषद्को सिफारिसमा राष्ट्रपतिबाट (D) प्रधानमन्त्रीको सिफारिसमा राष्ट्रपतिबाट

«««The End»»»

**उत्तरपुस्तिकामा प्रश्नपत्रको Key अनिवार्य रुपले उल्लेख गर्नुपर्नेछ। Key उल्लेख नगरेमा उत्तरपुस्तिका रद्द हुनेछ।**

Ctevtsolution.com

www.ctevtsolution.com